यस कार्याक्रमका सभाअध्यक्ष ज्यू,

प्रमुख अतिथि अन्य अतिथी गढ,

यस बाहिङ किरात मुलुखिमका केन्द्रिय समिति ज्यू, विभिन्न संस्थागत कार्यालयको प्रमुख तथा प्रतिनिधि ज्यू, विभिन्न जातीय संघसंस्थाबाट उपस्थित प्रमुख तथा प्रतिनिधी ज्यू, साँथै यस कार्यक्रममा उपस्थित सम्पूर्ण महिला सज्जन वृन्द, साथै पत्रकार वर्गहरुमा ओखलढुंगा जिल्ला कार्य समितिको अध्यक्षको तर्फबाट जिल्लामा कार्य समितिले गरेको साङ्गठनिक भौतिक, आर्थिक, सामाजिक सेवाका साथै भावी संस्थागत रणनीतिहरु यस कार्यक्रममा प्रस्तुत गर्नका लागी सभाध्यक्षको अनुमति लिदै निम्न बुदाँहरु प्रस्तुत गर्न चाहान्छु।

१. साङ्गठनिक तर्फ :-

३.१ यस संस्थागत संगठन ओखलढुंगा जिल्लाको चिसङ्खुगढी गाउँपालिका वडा नं. ३,४, ५, ७ र ८, सि.न.पा. ३ र ११ नं. वडामा, मोलुङ गाउँपालिकाको विगुटार राँगादीप, ढुस्के तथा मानेभन्ज्याङ गाउँपालिकाको मोली, पङ्खु, हिलेपानी आदी ठाउँहरुमा वडा कार्य समितिको गठन गरिएको छ।

२. भौतिक तर्फ :-

२.१ सिद्धिचरण नगरपालिका वडा नं. ११ मा यस संस्थाको जिल्लास्तरीय भवन लागत ३ करोडको ३ तले भवनको प्राविधिक स्टेमिट बमोजिम डि. पी. आर पास गरी सकेपश्चात यस संस्थाको केन्द्रिय अध्यक्ष भुपराज बाहिङ ज्युद्धारा नगरपालिको क्षेत्रधिकार भित्र रहेको सदरमुकामको मुटुमा रहेको १ रोपनी जग्गा रजिष्ट्रेशन पास गर्नु भई संस्थालाई प्राप्त भएको।

२.२ सि.न.पा ३ अधेरी नारायणस्थानमा सागर बाहिङबाट ५ आना जग्गा संस्थाको नाममा रजिष्ट्रेशन पास गरी वडा कार्यालय बाट रु. २,५०,०००/- (दुई लाख पचास हजार रुपैया) र सोहि बराबराको श्रमदान गरी १ तले २ कोठे भवनको निर्माण भएको।

२.३ चिसङ्खुगढी गा.पा वडा नं. ४ लेकखर्क निवासी लाखधन बाहिङबाट २ रोपनी जग्गा संस्थाको नाममा रजिष्ट्रेशन पास गरि गा.पा. र वडा मार्फत रु. ७,००,०००/- (सात लाख रुपैया)र श्रमदान मार्फत सोही जग्गामा १ तले २ कोठे भवन निर्माण गरिएको।

२.४ चिसङ्खुगढी गा.पा वडा नं. ५ सेर्ना चिसापानी निवासी नरभक्त बाहिङबाट ५ आना जग्गा संस्थाको नाममा रजिष्ट्रेशन पास गर्ने भनि प्रतिबद्धता गरिएको हुदाँ गा.पा. मार्फत रु. २,५०,०००/- (दुई लाख पचास हजार रुपैया) छुट्टाईएको मा र रु. १,००,००० (एक लाख ~~हजार~~ रुपैया) बराबरको श्रमदान मार्फत सोही जग्गामा ६ वटा पिल्लर मात्रै उठाईएकोले सोहि बासिन्दा सर्वधन बाहिङबाट ५० वटा प्लाष्टिक कुर्सी उपलब्ध गराईएको।

३. आर्थिक तर्फ :-

सि.न.पा ११ को १ रोपनी जग्गामा ३ तलाको ८६ फिट लम्बाई ३१ फिट चौडाईको सङ्ग्राहलय भवनको डि. पी. आर. पास पश्चात भवन निर्माणको लागी

हालसम्म तपसिल बमोजिमबाट बजेट व्ययस्थापन गर्दै आईरहेको व्यहोरा प्रस्तुत गर्दछु ।

३.१ मोलुङ गाउँपालिकाबाट आ.व. २०७८/०७९ मा
रु ५,००,०००/- (पाँच लाख रुपैया)

३.२ सि.न.पा बाट आ.व. २०७८/०७९ मा
रु. २,००,०००/- (दुई लाख रुपैया)

३.३ यज्ञराज सुनुवार संसदकोष मार्फत
रु. १०,००,०००/- (दश लाख रुपैया)

३.४ चिसङ्खुगढी गाउँपालिकाका उपाध्यक्ष सुस्मा बाहिङ मार्फत
रु. ५,००,०००/- (पाँच लाख रुपैया)

३.५ प्रदेश सरकार मार्फत आ.व. २०७९/०८० मा
रु. १५,००,०००/- (पन्ध्र लाख रुपैया)

३.६ सि.न.पा बाट आ.व. २०७९/०८० मा
२,००,०००/- (दुई लाख रुपैया)

जम्मा रु. ३९,००,०००/- (उनान्चालिस लाख रुपैया)

३.७ माथि उल्लेखित रकमबाट जग निर्माण तथा १८ वडा पिल्लर र १ तलाको वाल मात्र तयार भएको तथा ढलानको कार्य बाकी रहेको ।

४. भावी रणनीति तर्फ :

४.१ प्रत्येक गा.पा./न.पा./ वडामा डि.पी.आर. सहित बजेटको अनुरोध गर्ने ।
४.२ प्रत्येक समुदायमा व्यक्तिगत रुपमा चन्दा संकलन गर्ने ।
४.३ नजिकको समुदायबाट श्रमदान गर्न माग गर्ने
४.४ यस संस्थाको केन्द्रिय कार्यसमिति समक्ष छुटेका निकाय, संघ संस्थामा बजेटको माग गरिदिनको लागी अनुरोध गर्ने ।
४.५ जिल्लास्तिरीय वडा कार्य समितिको संगठन विस्तारमा जोड दिने ।

यति भन्दै मेरो सम्पूर्ण ओखलढुंगा जिल्लाभित्र गरिएको गतिविधिहरुलाई सम्पूर्ण समक्ष प्रस्तुत गर्दै विदा हुन चाहान्छु ।